# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प.सं.: २०८३।०८४
च.न.: ४६५

मितिः- २०८३।०७।११

विषय: आर्थिक वर्ष २०८३।०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

श्री सबै वडा कार्यालयहरु,

' विनियोजन ऐन, २०८३ अनुसार आर्थिक बर्ष २०८३।०८४ का लागि बाह्रविसे नगरपालिकाले रु.६३,०५,३३,६००।- (१९) औं नगर सभाबाट बजेटको व्यवस्था गरिएको छ । समग्र वित्तीय अनुशासनका लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्तव बहन गर्न नगरपालिकाको विनियोजन ऐन २०८३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ बमोजिम बजेट कार्यान्वयन सम्वन्धमा यो मार्गदर्शन प्रेषित भएको छ ।

आर्थिक वर्ष २०८३।०८४ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय वमोजिम व्यवस्था गरिएको हुँदा सोहि बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ ।

तपसिल:

१. बाह्रविसे नगरपालिकाको १९ औं नगर सभाबाट स्वीकृत बार्षिक नीति कार्यक्रम तथा बजेटलाई प्रभावकारी रुपमा कार्यान्यवन गरी समयमै कार्यक्रमहरु सपन्न गर्नु यसको मुख्य लक्ष्य हो ।

२. वडा तथा शाखाहरुमा विनियोजित बजेटको सीमाभित्र रही आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०८२, बमोजिम खर्च गर्ने र आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थीत गर्ने ।

३. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा बाह्रविसे नगरपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५, र टोल विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७७ बमोजिम समिति गठन गरी देहायको शर्तहरु पुरा गरी सम्झौता र भुक्तानीको प्रकृयाहरु अगाडी वढाउने ।

प्रशासकीय अधिकृत

☎:०११-४८९००३/०११४८९०२१ ✉ : barhabisemun@gmail.com 🖳 : barhabisemun.gov.np

# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२०७३

प.सं.: २०८३।०८४
च.न.: ४६५
तपसिलः

**योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक कागजातहरु**

१. बजेट तथा कार्यक्रमको सुनिश्चितता भएका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति/टोल विकास समिति मार्फत कार्य गर्दा कार्यक्रम कार्यान्वयन हुने स्थानमा सम्वन्धित वडाको निर्वाचित वडा अध्यक्ष/सदस्यको रोहवरमा अधिकतम उपभोक्ताहरुको उपस्थितिमा भेला वसि न्यूनतम ७ र अधिकतम ९ जना र ३ जना योजना अनुगमन तथा सहजीकरण समिति गठन गर्ने र माइनुट सहित सो को फोटो संलग्न राख्ने ।

२. योजना तथा कार्यक्रममा तोकिएको बजेटको सीमा भित्र रही कार्य गर्न सम्वन्धित वडाको प्राविधिकबाट उपभोक्ता समितिको रोहवरमा स्थलगत नापजाँच गरी लागत इष्टिमेट र ड्रइडडिजाइन तयार गरी कार्य हुनु पूर्वको फोटो, वडाको सिफारिस, समितिको नागरिकताको फोटो कपीहरु समिति गठन गर्दा प्रमुख पदहरु अध्यक्ष, सचिव र कोषअध्यक्ष मध्ये एक महिला सहित ३०% महिला सदस्य हुने गरी समिति गठन गरि सो को नागरिकताको प्रतिलिपि, उपलव्ध गराउने ।

३. रु.५ लाख भन्दा माथिका योजना तथा कार्यक्रमको लागि समितिको नाममा स्थायी लेखा नम्वर अनिवार्य रहेको हुँदा सो को व्यवस्था गराउने । समितिको आर्थिक कारोवार गर्नको लागि समितिका पदाधिकारीहरु मध्ये एक महिला अनिवार्य हुनु पर्ने तथा रु.५ लाख भन्दा माथिका योजनाहरुको काम हुँदै गरेको स्थानमा फ्लेक्सबोर्ड राख्ने ।

४.उल्लेखित कागजातहरुको प्रतिलिपि सहित समितिका पदाधिकारी सम्झौता गर्न नगरपालिकाको योजना शाखामा सम्पर्क गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

☎:०११-४८९००३/०११४८९०२१ ✉ : barhabisemun@gmail.com 🖳 : barhabisemun.gov.np

# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प.सं.: २०८३।०८४
च.न.: ४६५

**योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको क्रममा रनिङ विल भुक्तानी माग तथा अन्तिम भुक्तानी मागका लागि देहाय बमोजिमको कागजातहरु संलग्न हुनु पर्ने ।**

तपसिलः

१. कार्य समिति तथा अनुगमन समितिको संयुक्त बैठक वसि कार्य सम्पन्न भएको वा रनिङ विल भुक्तानीको लागि माइनुट तयार गर्ने, प्राविधिकबाट कार्य सम्पन्न वा रनिङ विल को प्राविधिक मूल्याङ्कन, नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने ।

२. कार्यस्थलमा काम हुँदै गरेको र काम सम्पन्न भएको तस्वीर, कामदारबाट काम भएको डोर हाजीर फारम, विल तथा भर्पाइ, समितिबाट खर्च सार्बजनिक गरेको माइनुट प्रतिलिपि, वडास्तरीय तथा नगरपालिकास्तरीय अनुगमन समितिबाट अनुगमन गरेको अनुगमन समितिको प्रतिवेदन, योजनाको सार्वजनिक लेखा परिक्षण एवम भुत्तानी सिफारिस संलग्न राख्ने ।

३. सामानहरु खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को १६ औं संशोधन बमोजिम सिफारिस सहित नगरपालिकामा पेश गर्नु पर्ने ।

४. संमितिबाट कार्य हुँदा बाह्रविसे नगरपालिकाको नीति तथा कार्यक्रम २०८३, मा उल्लेख भए बमोजिम जनश्रमदान/जनसहभागीतादर १०% अनिवार्य हुनु पर्ने साथै रकम भुक्तानी माग गर्दा स्वीकृत रकमको २% रकम बाह्रविसे नगरपालिकाको नाममा रहेको सिन्धु विकास बैङ्कको बालमैत्री कोष खातामा रकम दाखिला गरेको भौचर संलग्न राखि भुक्तानी माग गर्ने ।

५. सम्वन्धित वडाबाट वडाको कार्य सम्पन्न वा रनिङ विल भुत्तानीको लागि सिफारिस र समितिबाट कार्य सम्पन्न वा रनिङ विल भुत्तानीको लागि निवेदन पेश गर्ने ।

दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत

☎:०११-४८९००३/०११४८९०२१ ✉ : barhabisemun@gmail.com 🖷 : barhabisemun.gov.np